# कृषि विकास मन्त्रालय तथा विश्व खाद्य कार्यक्रम

**नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (NeKSAP)**

**प्रेस विज्ञप्तिः खाद्य सुरक्षा अवस्था (मंसिर-फागुन २०७०)**

## वर्तमान अवस्था

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुका अनुसार यस अनुगमन अवधिमा प्राय मध्य तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका १४ जिल्लाका १८४ गाविसहरु **मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था**मा (चरण २) परेका थिए । यो त्यस्तो अवस्था हो जसमा घरधुरीहरुले परम्परागत निर्वाहपद्दति अपनाएर न्यूनतम् खाद्य बस्तुको आवश्यकताहरु परिपूर्ति गर्न सक्छन्, तर केही अत्यावश्यक गैह्र खाद्य आवश्यकताका लागि भने पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्दतिहरु नअपनाइकन उक्त आवश्यकता पूरा गर्न सक्दैनन् । जिल्लागत तहमा मध्यम्स्तरीय खाद्य असुरक्षीत भएका गाविसहरुको संख्या निम्न अनुसार भएको पाइयोः अछाम (१८), बाजुरा (१४), डोटी (११), बैतडी (१५), दार्चुला (२५), बझाङ (३१), जुम्ला (६), मुगु (१२), डोल्पा (७), हुम्ला (१७), रुकुम (७), जाजरकोट (१२), दैलेख (४), र संखुवासभा (५) । यस तथ्याङ्कलाई नक्सा १ मा चित्रण गरिएको छ ।

मध्य तथा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा यो अवधि कृषि उत्पादन रिक्त हुने समय भएको हुनाले हालको खाद्य सुरक्षा अवस्था सोही अवस्थाको प्रतिबिम्ब हो । यस अवधिमा वर्षे बालीद्वारा कायम रहेको घरधुरीको खाद्य संचिती रित्तिदै जाने र हिउँदे बाली भिञ्याउन बाँकी रहेको अवस्था हो । प्राय मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्थाका गाविसहरु दुर्गम क्षेत्रमा पर्दछन् जहाँ यस अवधिमा सीमित मात्रामा मात्र ज्यालादारी रोजगारीका अवसरहरु प्राप्त हुने, कृषिजन्य उत्पादनबाट कम आम्दानी हुने, र विप्रेषण प्रवाह सामान्य भन्दा कम हुने गर्दछ । नेपाल राष्ट्र बैंकका अनुसार यस आर्थिक वर्षको फागुन महिनामा गत महिनामा भन्दा विप्रेषण प्रवाह ३.२ प्रतिशतका दरले घट्यो । यस क्षेत्रका प्रभावित खाद्य असुरक्षित घरधुरीहरुले पैसा सापट गर्ने, खाद्य बस्तुहरुको ऐंचोपैचो गर्ने, खानाको पटक र मात्रा घटाउने, र कम रुचीकर खाना खाने जस्ता निर्वाहपद्दतिहरु अपनाएका छन् ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले देशका बाँकी भागहरुलाई **न्यूनत्तम् खाद्य असुरक्षित** अवस्थामा वर्गिकृत गरेका छन् । यो त्यस्तो अवस्था हो जसमा जीविकोपार्जनका पद्दतिहरु (उपायहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैह्र खाद्य आवश्यकताहरु पुरा गरिरहेका (धानि रहेका) हुन्छन् । यी घरधुरीहरु खतराजन्य अवस्था, प्रकोप, संकट, माहामारी, र द्वन्द्व जस्ता घटनाहरुबाट हुने सानो स्तरका तनावहरुमा विद्यमान सामाजिक, प्राकृतिक तथा आर्थिक स्रोत मार्फत गुजारा गर्न सक्दछन् । यी क्षेत्रहरुमा वर्षेबालीको बाँकी खाद्य संचिती (मकै, धान र कोदो), बजारहरुको सुचारु सञ्चालन, र ज्यालादारी रोजगारी, कृषि तथा पशुजन्य उत्पादन, गैह्र काष्ठ वन पैदावार मार्फत भएको आम्दानी र विप्रेषणले खाद्य बस्तुहरुको राम्रो उपलब्धता र पहुँचमा मद्दत पुऱ्याएको छ ।

## पूर्वानुमान

जिल्ला खाद्य सुरक्षा सञ्जालहरुले आउँदो चार महिनाको अवधिमा (चैत्र २०७०-असार २०७१) १६९ गाविसहरु **मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था**मा पर्ने प्रक्षेपण गरेको छ । यी क्षेत्रहरुमाः पूर्वीपहाडी तथा हिमाली क्षेत्रका ६० गाविसहरु (खोटाङ-२१, भोजपूर-१२, तेह्रथुम-७, ताप्लेजुङ्ग-१२ र पाँचथर-८), पूर्वीतराइका ८९ गाविसहरु (सप्तरी-५८ र सिरहा-३१), र मध्यपश्चिमी पहाडी तथा हिमाली क्षेत्रका २० गाविसहरु (मुगु-१२, डोल्पा-७ र सुर्खेत-१) पर्दछन् । प्राय यी क्षेत्रहरुमा हिउँदे बालीले आन्तरीक खाद्य आपूर्तिमा न्यून योगदान गर्ने र गैह्र काष्ठ वन पैदावारबाट कम मात्रामा आम्दानी हुने गर्दछ । यसका साथै, मनसुनी वर्षायामका कारण यातायातमा वाधा आउने हुनाले बजारको खाद्य

संचिती घट्ने र मूल्य बृद्धि हुने अनुमान छ । सप्तरी र सिरहामा, धान बालीको उत्पादनमा २५-४० प्रतिशतले ह्रास आएको, सितलहरले गर्दा हिउँदे बाली नोक्सानी भएको र हिउँदे वर्षा कम भएको हुनाले गहुँको उत्पादनमा ह्रास आउन सक्ने हुनाले खाद्य सुरक्षा अवस्था बिग्रने अनुमान गरिएको छ । खाद्य सुरक्षा चरण २ मा परेका **बाजुराका चार गाविसहरु** (काँडा, जयवागेश्वरी, दोगडी र गुदुखाती) मा खाद्य सुरक्षा अवस्था अझ बिग्रिएर **उच्चतम् खाद्य असुरक्षित अवस्था** (चरण ३) तर्फ धकेलीन सक्ने हुनाले निकटबाट अवलोकन गर्न आवश्यक छ । यी गाविसहरुमा असिनाले गर्दा मुख्य हिउँदे बाली गहुँको उत्पादनमा ३०-४० प्रतिशतले ह्रास आउने अनुमान छ ।

जिल्ला खाद्य सुरक्षा सञ्जालहरु आउँदो चार महिनाको अवधिमा ( चैत्र २०७०-असार २०७१) देशका बाँकी भागहरु **न्यूनतम् खाद्य असुरक्षित** अवस्थामा रहने प्रक्षेपण गरेको छ । हिउँदे बाली भित्र्याए पश्चात घरधुरीको खाद्य संचिती परिपूर्ती हुने अपेक्षा छ; यसका साथै, सामान्य मूल्यमा उतारचढाव र पर्याप्त संचितीका साथमा बजारहरुले खाद्य बस्तुहरुको स्थानीय माग पूरा गर्न सक्ने अनुमान छ । यसका अतिरिक्त ज्यालादारी रोजगारी मार्फत निरन्तर आम्दानी, कृषि तथा पशुजन्य उत्पादनको बेचबिखन र विप्रेषणका साथै सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र पश्चिमाञ्चलका हिमाली जिल्लाहरुमा जेठ–असार महिनामा सुरु हुने यार्शागुम्बा संकलन मार्फत पनि आम्दानी हुनेछ ।

हालको विस्तृत खाद्य सुरक्षा अवस्था (मंसिर-फागुन २०७०) र खाद्य सुरक्षा अवस्था पूर्वानुमान (चैत्र २०७०-असार २०७१) को विस्तृत जानकारी नेपाल खाद्य सुरक्षा बुलेटिन अंक ४१ मार्फत निम्न विद्युतीय ठेगानामा उपलब्ध गराइने छ: www.neksap.org.np.

## पुष्ठभूमि

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीले (NeKSAP) नेपालमा तीव्र खाद्य असुरक्षा को गम्भीरता र कारणहरु वर्गीकरण गर्नका लागि ***एकीकृत खाद्य सुरक्षा चरण वर्गिकरण (IPC)*** विधीको प्रयोग गर्दछ । चरण वर्गिकरण विधीको प्रयोग अन्तर्गत NeKSAP ले खाद्य असुरक्षाको गम्भिरतालाई मापन गरी पाँच चरणमा वर्गिकरण गर्दछ -

- **न्यूनतम खाद्य असुरक्षित (चरण १)-** यस अवस्थामा जीविकोपार्जनका पद्दतिहरु (उपायहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैह्र खाद्य आवश्यकताहरु पुरा गरिरहेका (धानि रहेका) हुन्छन् ।
- **मध्यम्स्तरीय खाद्य असुरक्षित अवस्था (चरण २)-** यस अवस्थामा घरधुरीहरुले परम्परागत निर्वाहपद्दति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्छन्, तर केही अत्यावश्यक गैह्र खाद्य आवश्यकताका लागि भने पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाहपद्दतिहरु नअपनाई उक्त आवश्यकता पूरा गर्न सक्दैनन् ।
- **उच्चत्तम् खाद्य असुरक्षित अवस्था (चरण ३)-** यस अवस्थामा घरधुरीहरु खाद्य उपभोग अभावको उच्चतम अवस्थामा हुन्छन वा जीविकोपार्जनका साधनहरुको द्रुततर क्षयबाट मात्र न्यूनस्तरको खाद्य आवश्यकता पूरा गर्न सक्दछन् ।
- **आपतकालीन वा गम्भिर खाद्य असुरक्षित अवस्था (चरण ४)-** यस अवस्थामा घरधुरीहरुले जीविकोपार्जनका साधनहरु नगुमाइकन खाद्य तथा गैह्र खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्दैनन्; र
- **मानवीय आपतकालीन अवस्था (चरण ५)-** यस अवस्थामा घरधुरीहरु खाद्यान्न र अन्य आधारभूत आवश्यकताहरुको चरम अभावमा हुन्छन् जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरुको परिपूर्ति नहुने गरी क्षती भएको र मानवीय क्षती भएको प्रष्ट देखिन्छ ।




नक्सा १: नेपालको खाद्य सुरक्षा अवस्था (मंसिर- फागुन २०७०)